दमक नगरपालिका, झापा

# स्थानीय राजपत्र

खण्ड : संख्या : ६ मिति २०७५।४।१

## भाग-२

## दमक नगरपालिका, झापा

**प्रस्तावना :**

स्थानीय स्तरबाट संचालन गरिने विकास सम्बन्धि योजना तथा परियोजनाहरु संचालन गर्नु, गुणस्तर कायम गराउनु, योजनाको प्राथमिकताको क्रम निर्धारण गर्नु जन सहभागीता र जन परिचालन गराउनु, फरफारक गर्नु गराउनु, मर्मत संहार गर्नु गराउनु, आफ्नो जिम्मेवारी पुरा गर्नु गराउनु पर्ने प्रयोजनार्थ यो निर्देशिका निर्माण गरी लागू गर्न आवश्यक भएकोले **नेपालको संविधानको धारा २२१ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को अधिनमा रहि दफा १०२** ले दिएको अधिकार प्रयोग गरी दमक नगर कार्यपालिकाले यो निर्देशिका बनाई लागू गरेको छ ।

# परिच्छेद –१

## प्रारम्भिक

१. **संक्षिप्तनाम र प्रारम्भ :** १.१ यो निर्देशिकाको नाम "**स्थानीय विकास तथा परियोजना संचालन निर्देशिका, २०७४" रहेको छ** । छोटकरीमा **स्थानीय विकास निर्देशिका** भनिने छ ।

**१.२. प्रारम्भ :** यो निर्देशिका नगर कार्यपालिकाले पारित गरी स्थानीय राजपत्रमा प्रकासन भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

२.१. **"स्थानीय विकास"** भन्नाले एक आर्थिक वर्ष भित्र सकिने ५० लाखभन्दा घटीका योजनालाई बुझाउने छ ।

२.२. **"मानव संसाधन विकास"** भन्नाले मानवीय क्षमता विकासका लागी संचालन गरिने तालिम, गोष्ठी, प्रशिक्षण, सिप विकास, क्षमता विकास जस्ता विषयलाई जनाउनेछ ।

२.३.**"योजना बैक"** भन्नाले वडा सभा, नगर सभाबाट पास भई योजना पुस्तिकामा समावेश भएका योजनाको सूचीलाई जनाउनेछ ।

२.४. **"सहभागीता**" भन्नाले योजना संचालनमा उपभोक्ताको तर्फबाट व्यहोरीने श्रम, नगद तथा जिन्सी समेतलाई बुझाउनेछ ।

२.५.**"उपभोक्ता"** भन्नाले योजनाका प्रत्यक्ष लाभ ग्राहि समुदायलाई जनाउनेछ ।

२.६. **"परियोजना"** भन्नाले निश्चीत स्थान र बजेट तोकी खास समुदायलाई लाभपुग्ने योजनालाई बुझाउनेछ ।

# परिच्छेद –२

## योजनाको वर्गिकरण, संचालन प्रकिया तथा जनसहभागिता

३. **स्थानीय विकास व्यवस्था:** ३.१. स्थानीय श्रोतबाट संचालन गरीने पूर्वाधार विकासका योजनाहरु तथा मानव संसाधन विकासका योजनाहरु स्थानीय योजना मानिने छ ।

३.२. प्रदेशको आर्थिक लगानिमा संचालित योजनाहरु प्रदेश योजना ।

३.३ संघबाट संचालित योजनाहरु राष्ट्रिय योजना अन्तरगत पर्दछन् ।

३.४ संघ, प्रदेश र स्थानीय तहबाट संचालित योजनाको सूची नगर सभाबाट पास गरीनेछ ।

३.५ योजना वर्गिकरण: (१) योजनाहरुलाई लागत समय र महत्वका आधारमा योजनाको देहाय बमोजिम वर्गिकरण हुनेछ ।

(क) आवधिक योजना (१-५ वर्षमा सम्पन्न हुने),

(ख) अल्पकालीन योजना (१ वर्षमा सकिने),

(ग) बहुवर्षिय योजना (५ वर्ष भन्दा बढी समय लाग्ने) ।

४. **विकास योजना संचालन :** (१) **अनुसूची १** मा उल्लेखित र सो वाहेकका महत्वपूर्ण विकास निर्माण सम्बन्धी योजना परियोजनाहरु नगरसभाले योजना बैंकमा समावेश गरे पछि मात्र लागू गरिनेछ ।

(२) विपद् व्यवस्थापन उद्धार सम्बन्धी कार्यक्रमहरु रु. ५० हजार सम्मका र मर्मत सम्भार सम्बन्धी योजनाहरु योजना बैंकमा नपरे पनि संचालन गर्न वाधा पुग्ने छैन ।

(३) योजना संचालन गर्दा देहायका प्रकृया पूरा गर्नुपर्नेछ :–

३.१. योजना संचालन स्थलको छनौट ,

३.२. लागत स्टमेट र डिजाईन

३.३. लागत रकम विनियोजन

३.४. योजना संचालन माग फारम

३.५. योजना संचालन स्विकृती

३.६. योजना संचालन प्रकृया (ठेक्का, अमानत, उपभोक्ता)

३.७. योजना संचालन अनुगमन

३.८. योजना संचालन जाँच पास

३.९. योजना संचालन समिक्षा

५. **योजना सहभागीता :** (१) योजना संचालनमा स्थानिय उपभोक्ताको सहभागीतालाई जोड दिइनेछ ।

(२) **अनुसूची १** मा उल्लेखीत विषय सम्बन्धी योजनाहरु संचालन गर्दा स्थानीय सहभागितालाई प्राथमिकता दिईनेछ,

(३) उपभोक्ता समितिहरु स्थाई, अस्थाई आवश्कता अनुसार गठन गरीनेछ ,

(४) उपभोक्ताहरुलाई योजनाबारे प्रशिक्षण गर्नु नगरपालिकाको कर्तव्य हुनेछ ।

# परिच्छेद-३

## उपभोक्ता समितिको गठन विघटन तथा काम कर्तव्य र अधिकार

**६. उपभोक्ता समिति गठन प्रकृया निम्नानुसार हुनेछः** (१) उपभोक्ताहरुको भेलाबाट ५ देखि ११ जना सम्मको उपभोक्ता समिति गठन गर्न सकिनेछ । यसरी समिति गठन गर्दा पदाधिकारी तथा सदस्य पदमा अनिवार्य एक तिहाइ महिला हुनुपर्नेछ ।

(२) उपभोक्ता समितिमा तपशिलका पदहरु हुनेछन् ।

| | |
|---|---|
| २.१. अध्यक्ष वा संयोजक | १ जना |
| २.२ कोषाध्यक्ष | १ जना |
| २.३ सचिब | १ जना |
| २.४ सदस्यहरु | २ देखि ८ जना सम्म |

(३) उपभोक्ता समितिले योजनाको नाम खूल्ने गरी प्याड, छाप बनाई संचालन गर्नुपर्नेछ ।

(४) उपभोक्ता समितिले न.पा.ले तोकेको वा सरकारी मान्यताप्राप्त बैंकमा खाता खोली चेकवाट मात्र खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ । नगद संचालन गर्नुपर्ने अवस्था भए समितिले निर्णय गरी सानो नगदी कोषबाट खर्च गर्न सक्ने छ ।

(५) उपभोक्ता समिति स्थाई प्रकारको हो भने न.पा.वाट विधान स्वीकृत गरी लागू गर्नुपर्नेछ

**७. उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारः** (१) उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छः

क) उपभोक्ता समितिको खाता संचालन गर्नु ,

ख) योजनाको अनुगमन तथा निरिक्षण गर्नु ,

ग) योजनाको सम्झौता र कार्य सम्पन्न पश्चात फरफारक गर्नु ,

घ) लागत सहभागीता तोकिएको भए रकम उठाउनु ,

ङ) स्थाई समिति भए योजनाको मर्मत संहार गराउनु ,

च) योजनाको रकमको सार्वजनिक गर्नु ,

छ) अन्यत्र ठाँउका उपभोक्ताबाट गराईएका योजनाहरुको अनुभव लिनु

ज) सामान्यतया काम सकेपछि अस्थाई उपभोक्ता समिति विगठन हुनेछन् । तर हिसाव किताव उपभोक्ताबाट अनुमोदन नगराई यस्ता समिति विघठन हुने छैनन् ।

झ) विगठन गरिएको उपभोक्ता समितिको जानकारी न.पा. लाई जनाउनु पर्नेछ ।

# परिच्छेद –४

## अनुगमन, जाँचपास तथा अन्य व्यवस्था

**८. अनुगमन तथा जाँच व्यवस्था :** (१) योजनाको अनुगमन तथा जाँचपास गर्नु गराउनु स्थानीय तहको कर्तव्य हुनेछ ।

(२) स्थानीय तहले योजना अनुगमन तथा जाँचपास गर्न अलग्गै कानूनी व्यवस्था गर्न सक्नेछ । तर योजनाको लागत स्टीमेट गर्ने, डिजाईन गर्ने र जाँचपास गर्ने प्राविधिक एउटै हुने छैनन ।

**९. निर्देशिकाको व्याख्या सम्बन्धी अधिकार :** यो निर्देशिकाको अन्तिम व्याख्या गर्ने अधिकार नगरपालिका वोर्डमा निहित हुनेछ ।

**१०. खारजी र वचाउ :** यो निर्देशिका लागू हुनु पूर्व भएको काम यसै निर्देशिका बमोजिम भएको मानिनेछ ।

## निर्देशिकाको परिच्छेद २ को ४ क संग सम्बन्धित
## अनुसुचि १

लागत सहभागीता प्राथमिकताहरु :

१. उपभोक्ताहरुलाई प्रत्यक्ष लाभ हुने :

२. उत्पादन कार्य :

३. पूर्वाधार विकास :

- बाटो, ढल, कल्भट, कृषि उत्पादन, सडक बत्ती, नदि, सार्वजनिक भवन, ताल, तलाऊ निर्माण
- वातावरण संरक्षण, निजिवन विकास, फोरेष्ट एग्रोभेट

४. लागत सहभागिता प्रतिशत

- कृषिमा २५–८० प्रतिशत
- पूर्वाधार विकासमा न.पा सभाको निति कार्यक्रम अनुसार २५–७५ प्रतिशत
- वातावरण संरक्षण २५–५० प्रतिशत
- नदी नियन्त्रणमा २५–५० प्रतिशत

५. लागत सहभागीताको लागी प्रतिफल वढी दिने र वढी उपभोक्ताले लाभ पाउने योजनालाई प्राथमिकता दिईनेछ ।

**आज्ञाले**
**गणेश प्रसाद तिम्सिना**
**प्रमुख प्रशासकीय अधिकृत**